# अजयमेरु गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

भद्रपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

ईमेल:info@ajayamerumun.gov.com
वेबसाईट:www.ajayamerumun.gov.np

प.सं.- २०८०/०८१
च.नं.-

## करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना।
(प्रथम पटक प्रकाशित मितिः- २०८०/०७/२० )

अजयमेरु गाउँकार्यपालिकाको मिति २०८०/०७/१५ गतेको बैठकवाट निर्णय भए अनुसार यस कार्यालयका लागि तपसिल अनुसारका उल्लेखित कर्मचारीहरू आवश्यक भइ खुला प्रतिस्पर्धावाट करारमा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रीतपूर्वक यस कार्यालयमा दरखास्त पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फाराम यस कार्यालयको वेवसाइट www.ajayamerumun.gov.np वाट समेत उपलब्ध हुनेछ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं. | पद/तह | माग संख्या | आवश्यक न्युनतम योग्यता |
|---|---|---|---|---|
| १ | १/२०८०/०८१ | ईन्जिनियर/ अधिकृत (सातौं) | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण भएको |
| २ | २/२०८०/०८१ | प्राविधिक सहायक/ सहायक पाँचौ | १ | • मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको<br>• कम्प्युटर सीप सम्बन्धी ३ महिने तालिम लिएको |

१. **उम्मेदवारको उमेर हदः**
- विज्ञापन नं. १/२०८०/०८१ का लागि २१ वर्ष उमेर पुरा भइ ३५ वर्ष ननाघेको महिला र अपांगता भएका उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको)
- विज्ञापन नं. २/२०८०/०८१ का लागि १८ वर्ष उमेर पुरा भइ ४५ वर्ष ननाघेको

२. **दरखास्त दिने अन्तिम मितिः** २०८०/०८/०४

३. **दरखास्त दस्तुरः** विज्ञापन नं. १/२०८०/०८१ का लागि रु. १२००।– (बाह्र सय मात्र) र विज्ञापन नं. २/२०८०/०८१ का लागि रु. ७००।– (सात सय मात्र)

४. **दस्तुर बुझाउने माध्यमः** अजयमेरु गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. १४४०४०१००००११ (ग्लोबल आई.एम.ई बैंक) मा दस्तुर बुझाउन सकिनेछ।

५. **छनौटको किसिमः** लिखित परीक्षा तथा अन्तर्वार्ता

६. **पाठ्यक्रमः** ईन्जिनियरका लागी सूदुरपश्चिम लोकसेवा आयोगले निर्धारण गरे अनुसार र प्राविधिक सहायक का लागि प्राविधिक सहायक र रोजगार सहायक पदपुर्ति सम्बन्धी मापदण्ड, २०७८ अनुसार ।

७. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः**
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम योग्यताका प्रमाणपत्रहरू, चारित्रिक प्रमाणपत्र, अनुभव भए सोको कागजात र २ प्रति पासपोर्ट साईजको फोटो

८. **दरखास्त दिने माध्यमः** दरखास्त दिने उम्मेदवारले स्वयं कार्यालयमा उपस्थित भई दरखास्त दिन सकिने साथै अजयमेरु गाउँपालिकाको ईमेल ठेगाना info@ajayamerumun.gov.np / ito@ajaymerumun.gov.np बाट समेत दरखास्त दिन सकिनेछ।

९. **कामगर्नुपर्ने स्थानः** अजयमेरु गाउँकार्यपालिका कार्यालयले तोके बमोजिम ।

१०. **परिक्षा मितिः** पछि प्रकाशित गरिनेछ।

२०८०/०७/२०
जितेन्द्र प्रसाद ओझा
प्रमुख प्रशासकीय अधिकृत

"समावेशी र सन्तुलीत विकास
समृद्ध अजयमेरुको मूल आधार"